# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल भदौ महिना ५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय वीरगंजबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवधिक कर्जा तथा ग्राहक संरक्षण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

### तपशिल

#### ऋणीको विवरण

नाम : **सागर हार्डवेयर** प्रोप्राइटर : जंग बहादुर प्रसाद प्रा.फ.र.नं. : २५३३२/०६३/६४

दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग दर्ता मिति : २०६४/०२/२५

रजिष्टर्ड ठेगाना : पर्सा जिल्ला रामगढवा वडा नं. ६ स्थायी लेखा नं. : ३०२६३४६८६

#### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) प्रोप्राइटर तथा व्यक्तिगत धनजमानीकर्ता सर्जुग राउतको नाति जंगली राउत कुर्मीको छोरा पर्सा जिल्ला रामगढ़वा गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा वडा नं. २४ बस्ने **जंग बहादुर प्रसाद** (ना.प्र.नं : ७६९५१६२९, जारी मिति र जिल्ला : २०५४/११/११, पर्सा)

२) भोला राउत कुर्मीको नाति सर्जुग राउतको छोरा पर्सा जिल्ला रामगढ़वा गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा वडा नं. २४ बस्ने **जंगली राउत कुर्मी** (ना.प्र.नं : ७६९५०६७२, जारी मिति र जिल्ला : २०३५/०२/१७, पर्सा)

३) रामचन्द्र राउत कुर्मीको छोरी जंगली राउत कुर्मीको बुहारी जंग बहादुर प्रसादको पत्नी पर्सा जिल्ला वीरगंज उ.म.न.पा. वडा नं. २७ हाल, वीरगंज म.न.पा वडा नं. २४ बस्ने **लक्ष्मिना देवी** (ना.प्र.नं : ३४-०१-७२-०३४०२, जारी मिति र जिल्ला : २०७२/०४/१५, पर्सा)

४) सर्जुग राउतको नाति जंगली राउत कुर्मीको छोरा पर्सा जिल्ला रामगढ़वा गा.वि.स. वडा नं. ६ हाल, वीर गंज म.न.पा वडा नं. २४ बस्ने **राम बहादुर प्रसाद** (ना.प्र.नं : ४२८/७६९५१३३७, जारी मिति र जिल्ला : २०४४/११/२९, पर्सा)

५) तपी राउतको छोरी सर्जुग राउतको बुहारी जंगली राउत कुर्मीको पत्नी पर्सा जिल्ला रामगढ़वा गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा वडा नं. २४ बस्ने **चन्द्रावती देवी कुर्मीन** (ना.प्र.नं : ७६९५०६७३, जारी मिति र जिल्ला : २०४१/०७/२६, पर्सा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**

१) मिति २०८०/११/१८ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

२) मिति २०८१/०४/२५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| चन्द्रवती देवी कुर्मीन | पर्सा जिल्ला रामगढवा वडा नं. ६ | ६ | ७६६ | ३६८.२८ |
| | | | ७६५ | ३६६.१६ |
| जंगली राउत कुर्मी | पर्सा जिल्ला रामगढवा वडा नं. ६ | ६ | १४ | २२०.०९ |
| | | | ९४ | १९८.९५ |
| जंग बहादुर प्रसाद | पर्सा जिल्ला रामगढवा वडा नं. ६ | ६ | ४३८ | ६७.७२ |
| | | | ८२० | ३३.८६ |

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०५/१९ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय वीरगंज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।

५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/२० गते शुक्रबार दिउसो २:०० बजे यस बैंकको शाखा कार्यालय वीरगंजमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने र जिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

## मुक्तिनाथ विकास बैंक लि.

## MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ